# ह्याप्पी ड्रिम्स चेप्टी प्रा. लि.ले माई न.पा. २ मा वनक्षेत्र अतिक्रमण गरी फनपार्क सञ्चलान गरेकोमा हाल सम्म भएको काम कारवाही सम्बन्धी डिभिजन वन कार्यालय, इलामको प्रेश विज्ञप्ती

## १. पृष्ठभूमी

ईलाम जिल्लाको माई नगरपालिका वडा नं २ स्थित ह्याप्पी ड्रिम्स चेप्टी प्रा. लि. का सञ्चालक दिनेश शिवाकोटी भन्ने व्यक्तिले वनक्षेत्र अतिक्रमण गरी ह्याप्पी ड्रिम्स चेप्टी प्रा. लि.को नाममा फनपार्क निर्माण गरी सञ्चालन गरिरहेको भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीमा उजुरी परेकोमा आयोगबाट प.सं. अनु १(ङ)/C ०२५४९८/०७८/०७९ च.नं. २३२२५ मिति २०७८/११/१३ गतेको पत्रबाट उजुरीको छानविन गर्ने भनि डिभिजन वन कार्यालय, इलामलाई पत्राचार गरिएको, आयोगको प.सं. अनु १(ङ)/C ०२५४९८/०७८/०७९ च.नं. ३७४४२ मिति २०७९/०२/२५ गतेको पत्रबाट फनपार्कले प्रयोग र भोगचलन गरेको कम्तिमा पनि ४५ रोपनी जग्गा सरस्वती सामुदायिक वनक्षेत्र भित्रको वनक्षेत्र हो वा होइन र समूहको अवस्था सम्बन्धी जानकारीको लागि पत्राचार भएको र आयोग कै प.सं. अनु ८/०७९/०८० च.नं. ITH-७९८०-४११३ मिति २०७९/०४/२० गतेको पत्रबाट अतिक्रमित वन क्षेत्र खाली गराई पुनः वनक्षेत्र कायम गर्ने सुझाव कार्यान्वयनको लागि श्री माई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इलाम, श्री जिल्ला प्रशासन कार्यालय, इलाम र श्री डिभिजन वन कार्यालय, इलाममा पत्राचार भएको । सो निर्देशन कार्यान्वयनका लागि डिभिजन वन कार्यालय, इलामले उक्त अतिक्रमित क्षेत्र खाली गराउन सम्बन्धित सरोकारवालहरु संग समन्वय गरी बैठकहरु सञ्चालन गरेको, सुरक्षा निकाय तथा नापी कार्यालय लगायत सम्बदद् निकायहरुको समन्वय एवं सहयोगमा स्थलगत रुपमा कर्मचारी खटाइ उक्त प्रा.लिले ओगटेको २१८ रोपनी जग्गा मध्ये प्रा.लि.को नाममा दर्ता रहेको ४१ रोपनी जग्गा रेखाङ्कन गरी छुट्याएको र अतिक्रमित १७७ रोपनी जग्गा वन क्षेत्र कायम गरी साविक अवस्थामा ल्याइएको । यस सम्बन्धमा सम्मानित उच्च अदालत विराटनगर, इलाम इजलासको प.सं. ०८१/०८२ च.नं. २२३४ मिति २०८१/०६/०९ गतेको पत्रबाट निवेदक दिनेश शिवाकोटी समेत विपक्षी वन तथा वातावरण मन्त्रालय, सिंहदरवार काठमाण्डौं भएको मुद्दाको सम्बन्धमा निवेदक र विपक्षी भएको प्रस्तुत मुद्दामा उच्च अदालत विराटलगर, इलाम इजलास, इलामबाट मिति २०८१/०४/२२ मा रिट खारेज हुने फैसला भएको र उक्त फैसलाको पूर्ण पाठ तयार भए पछि प्राप्त हुने भनि डिभिजन वन कार्यालय, इलामलाई जानकारी प्राप्त भएको छ ।

## २. स्थलगत अवस्था

ह्याप्पी ड्रिम्स चेप्टी प्रा.लि. मार्फत सञ्चालित उक्त फनपार्कको पश्चिमतर्फ माई नदी रहेको सोही नदीकै किनारमा रहेको उक्त फनपार्कले २१८ रोपनी जग्गा हकभोग गरिरहेको र उक्त जग्गाहरुमा भौतिक संरचना समेत निर्माण गरिएको छ । उक्त प्रा.लि.ले ओगटेको २१८ रोपनी जग्गा मध्ये ह्याप्पी ड्रिम्स चेप्टी प्रा.लि. को नाममा ४१ रोपनी जग्गा नम्बरी आवादी जग्गाकोरुपमा दर्ता रहेको, १३२ रोपनी जग्गा सार्वजनिक ऐलानी पर्ति जग्गा र ४५

रोपनी जग्गा सरस्वती सामुदायिक वन उपभोक्ता समूह माई न.पा. २ को क्षेत्राधिकार भित्र पर्ने वनक्षेत्र रहेको देखिन्छ ।

## ३. जनशक्तिको अवस्था तथा परिचालन

यस डिभिजन वन कार्यालय अन्तर्गत वन व्यवस्थापन तथा योजना शाखा, प्रशासन शाखा (कर्म्मचारी प्रशासन र आर्थिक प्रशासन), शसस्त्र वन सुरक्षा शाखा र १० वटा सव डिभिजन वन कार्यालय (सव डि.व.का) हरु रहेको छ । डिभिजन वन कार्यालयमा अधिकृतस्तर नवौं/दशौ तहको कार्यालय प्रमुख (डिभिजनल वन अधिकृत) को दरवन्दी रहेको छ भने १० वटै सव डि.व.का.हरुमा अधिकृतस्तर सातौं/आठौ तहको कार्यालय प्रमुख (वन अधिकृत) को दरबन्दी रहेको छ । यद्यपी दरबन्दी अनुसारको वन अधिकृतहरुको हालसम्म पदपूर्ति हुन नसकेको अवस्था रहेपनि ह्याप्पी ड्रिम्स चेप्टी प्रा.लि.ले ओगटेको १७७ रोपनी वनक्षेत्रको जग्गा खाली गराउन कार्यालयमा रहेका वन सुरक्षाका लागि खटिएका कर्मचारीसमेतको जनशक्तिको अधिकतम उपयोग गरिएको छ ।

## ४. सम्पादन गरिएका वैठक तथा स्थलगत कार्यहरु

### ४.१ अन्तरनिकाय समन्वय बैठक

ह्याप्पी ड्रिम्स चेप्टी प्रा. लि.ले माई न.पा. २ मा वनक्षेत्र अतिक्रमण गरी फनपार्क सञ्चलान गरेको भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीमा परेको उजुरीको सन्दर्भमा तथा आयोगबाट भएको छानविन सम्बन्धी पटक पटक भएको पत्रादेशानुसार ह्याप्पी ड्रिम्स चेप्टी प्रा. लि. बाट अतिक्रमित वन क्षेत्र खाली गराइ पुनः वन क्षेत्र कायम गर्ने सुझाव कार्यान्वियनको सन्दर्भमा सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा पटक पटक गरी पाँच पटक समन्वय बैठकहरु बसी अतिक्रमित सार्वजनिक पर्ति र वन क्षेत्रहरुको जग्गा खाली गराई बन क्षेत्र कायम गरी सो क्षेत्रको पूर्ण सुरक्षा, संरक्षण र सम्बर्द्धन गर्ने गराउने सम्बन्धी निर्णयहरु भएको छ । यसका साथै अतिक्रमित क्षेत्र खाली गराउनका लागि जिल्ला प्रशासन कार्यालय, इलाम, जिल्ला स्थित सुरक्षा निकाय, नापी कार्यालय, मालपोत कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालय, इलाम, विभिन्न राजनितिक दलका प्रतिनिधिहरु, सम्बन्धित स्थानिय तह लगायतका सरोकारवालाहरुसंग समन्वय र सहकार्य भएको छ ।

### ४.२ स्थलगतरुपमा गरिएका कार्यहरु

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको प.सं. अनु १(ङ)/C ०२५४९८/०७८/०७९ च.नं. २३२२५ मिति २०७८/११/१३ गतेको पत्रबाट जिल्ला इलाम माई न.पा. वडा नं. २ चेप्टी भन्ने स्थानमा रहेको सरस्वती सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रको करिब ८.१० रोपनी जग्गामा कन्काई नगरपालिका झापाका दिनेश शिवाकोटी भन्ने व्यक्तिको लगानीमा फनपार्क निर्माण कार्य भईरहेको भन्ने समेतको व्यहोराको उजुरीका सम्बन्धमा स्थलगत रूपमा छानविन गरी राय सहितको प्रतिवेदन पेश गर्न अनुसन्धान अधिकृत

तोकी डिभिजन वन कार्यालयको च.नं. ६०९६ मिति २०७८/११/१५ गते पत्राचार गरिएकोमा उक्त फनपार्कको पश्चिमतर्फ माई नदी रहेको सोही नदीकै किनारमा रहेको उक्त फनपार्कले ओगटेको २१८ रोपनी जग्गा मध्ये निज दिनेश शिवाकोटी नाममा रहेको ह्याप्पी ड्रिम्स चेप्टी प्रा.लि. कम्पनीको नाममा ४१ रोपनी जग्गाको जग्गाधनी प्रमाण पुर्जा रहेको, विभिन्न व्यक्तिहरूको नाममा बहाल/बिटौरी कर दाखिला प्रमाणपत्रको आधारमा १३२ रोपनी जग्गाको स्वामित्व/भोगचलनको अधिकारको बारेमा कानूनी अस्पष्टता रहेको र ४५ रोपनी जग्गाको स्वामित्वको कुनैपनि किसिमको प्रमाण पेश हुन नआएकोले उक्त जग्गा वनक्षेत्र भित्र परेको भनि अनुसन्धान अधिकृतले प्रारम्भिक प्रतिवेदन पेश गरेको देखिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको प.सं. अनु १(ङ)/C ०२५४९८/०७८/०७९ च.नं. ३७४४२ मिति २०७९/०२/२५ गतेको पत्रबाट उक्त फनपार्कले प्रयोग र भोगचलन गरेको कम्तिमा पनि ४५ रोपनी जग्गा सरस्वती सामुदायिक वनक्षेत्र भित्रको वनक्षेत्र हो वा होइन र समूहको अवस्था सम्बन्धी पत्रको सन्दर्भमा डिभिजन वन कार्यालय, इलामको च. नं. ९८२५ मिति २०७९/०३/०६ गतेको पत्र मार्फत उक्त ४५ रोपनी जग्गा सरस्वति सामुदायिक वन उपभोक्ता समूह, माई न.पा. २ को क्षेत्राधिकार भित्र पर्ने वनक्षेत्र हो, उक्त समूह आ.व. २०७४/०७५ देखि हाल सम्म साधारण सभा नभइ निस्कृय अवस्थामा रहेपनि वनक्षेत्रको संरक्षण गर्ने कार्य समूहबाट भइरहेकोमा मिति २०७९/०३/०२ मा नयाँ कार्य समिति गठन भएको साथै समितिका साविकका पदाधिकारीहरुको नामावली खुलाई पठाइएको रहेछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको प.सं. अनु ८/०७९/०८० च.नं. ITH-७९८०-४११३ मिति २०७९/०४/२० गतेको पत्रबाट आयोगको मिति २०७९/०४/१० गतेको निर्णयानुसार ईलाम जिल्लाको माई नगरपालिका वडा नं २ स्थित ह्याप्पी ड्रिम्स चेप्टी प्रा. लि. को स्वामित्वमा रहेको ४१ रोपनी जग्गा बाहेक अन्य अतिक्रमित सार्वजनिक पर्ति र वन क्षेत्रहरुको जग्गा खाली गराई बन क्षेत्र कायम गरी सो क्षेत्रको पूर्ण सुरक्षा, संरक्षण र सम्बर्द्धन गर्ने गराउने व्यवस्था हुन भनि सुझाव कार्यान्वयन गर्ने गराउने सम्बन्धी श्री माई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इलाम, श्री जिल्ला प्रशासन कार्यालय, इलाम र श्री डिभिजन वन कार्यालय, इलाममा पत्राचार भएकोमा उपरोक्तानुसारको सुझाव कार्यान्वयन गर्ने सन्दर्भमा सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा पटक पटक समन्वय बैठकहरु बसी अतिक्रमित सार्वजनिक पर्ति र वन क्षेत्रहरुको जग्गा खाली गराई बन क्षेत्र कायम गरी सो क्षेत्रको पूर्ण सुरक्षा, संरक्षण र सम्बर्द्धन गर्ने गराउने सम्बन्धी निर्णयहरु भएको र सो को कार्यान्वयनका लागि अतिक्रमित क्षेत्र सिमाङ्कन गर्न सम्बन्धित निकायलाई पत्राचार भएको, अतिक्रमित क्षेत्र खाली गर्न सूचना सार्वजनिक गरिएको छ । प्रथम पटक मिति २०८०/०१/०८ गते अतिक्रमित जग्गा खाली गर्ने ३५ दिने सार्वजनिक सूचना टाँस गरिएकोमा सो समयावधिमा ह्याप्पी ड्रिम्स चेप्टी प्रा.लि.को सञ्चालक दिनेश शिवाकोटीबाट उच्च अदालतबाट मिति २०८०/०३/०५ मा स्टे अर्डर गराएकोले अतिक्रमित जग्गा खाली गर्ने प्रयासहरु केही समय अविलम्ब भए पनि उच्च अदालत विराटनगर, इलाम इजलासको च.नं. २२३४ मिति २०८१/०६/०९ गतेको पत्रबाट उक्त मुद्दामा उच्च अदालत विराटलगर इलाम इजलास,

इलामबाट मिति २०८१/०४/२२ मा रिट खारेज हुने फैसला भएपछी अतिक्रमित क्षेत्र खाली गर्न सूचना सार्वजनिक गरी अतिक्रमित क्षेत्र खाली गराउन सुरक्षा निकाय तथा वन कर्मचारीको संयुक्त स्थलगत प्रयास भएतापनि पुर्णरुपमा कार्य सम्पन्न नभएको ।

यसै सन्दर्भमा २०८१/०४/२९ गते मंगलबारका दिन ह्याप्पी ड्रिम्स चेप्टी प्रा.लि. कम्पनीको सञ्चालक दिनेश शिवाकोटीले उक्त प्रा.लिको नाममा दर्ता रहेको ४१ रोपनी जग्गा बाहेक वनक्षेत्रको १७७ रोपनी जग्गा र सो जग्गामा निर्मित संरचनामाथिको दाबी आजैको दिन देखि छोडन मञ्जुर रहेको साथै २०८१/०४/३० गते म दिनेश शिवाकोटी स्वयम् उपस्थित भइ डिभिजन वन कार्यालय, नापी कार्यालय, स्थानीय तह तथा सुरक्षा निकायको उपस्थितिमा नापजाँच गरी चारकिल्ला यकिन गरी वनक्षेत्र कायम गर्नको लागि सहयोग गर्न मञ्जुर रहेको भनि मञ्जुरीनामा कागजातमा सहिछाप भएको ।

मिति २०८१/०४/३० गते डिभिजन वन कार्यालय, नापी कार्यालय, स्थानीय तह तथा सुरक्षा निकायको उपस्थितिमा उक्त प्रा.लिले ओगटेको २१८ रोपनी जग्गा मध्ये प्रा.लि.को नाममा दर्ता रहेको ४१ रोपनी जग्गा रेखाङ्कन सिमाङ्कन गरीएको छ । सो सम्बन्धमा डिभिजन वन कार्यालय, नापी कार्यालय, स्थानीय तह तथा सुरक्षा निकायको उपस्थितिमा उक्त प्रा.लिले ओगटेको २१८ रोपनी जग्गा मध्ये प्रा.लि.को नाममा दर्ता रहेको ४१ रोपनी जग्गा बाहेक अन्य जग्गा माई खोलाले ओगटेको समेत सार्वजनिक पर्ति जग्गा १३२ रोपनी र सामुदायिक वन क्षेत्रको जग्गा ४५ रोपनी समेत गरी कुल जम्मा १७७ रोपनी जग्गा मिति २०८१/०४/३० को डिभिजनल वन अधिकृत स्तरीय निर्णय अनुसार वनक्षेत्र कायम गरी राष्ट्रिय वनमा समावेश गरिएको हुँदा सो क्षेत्रमा बनेको सम्पूर्ण संरचनाहरु हटाउन र संरचनाहरु हटाउन लाग्ने सम्पूर्ण खर्च उक्त प्रा.लि. ले नै व्यहोर्नु पर्ने समेत जानकारीको लागि डिभिजन वन कार्यालय, इलामले मिति २०८१/०४/३१ गते १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको । सोही सूचना अनुसार उक्त प्रा.लि.ले अतिक्रमित जग्गामा निर्माण गरेको होटल तथा रेष्टुरेन्टहरु हाल उक्त प्रा.लि.का सञ्चालकले बन्द गरी बन्दोबस्तीका सामानहरु उक्त पार्क क्षेत्रबाट बाहिर निकाली सकेको हुँदा सो अतिक्रमित क्षेत्रलाई पूर्णतया राष्ट्रिय वनक्षेत्रमा समावेश गर्ने प्रयास गरिएको र मिति २०८१।०४।३१ गतेमा सूचना प्रकाशन गरी उक्त १७७ रोपनी जग्गा वन क्षेत्र कायम गरी राष्ट्रिय वनमा समावेश गरिएको ।

यसै सन्दर्भमा फनपार्कले ओगटेको वनक्षेत्रको जग्गामा निर्माण भएका फनपार्क वन्द गरिएको सूचना सहितको व्यानर उक्त प्रा.लि.ले सञ्चालन गरेको फनपार्कमा टाँस गरिएको छ । उक्त टाँस गरिएको सूचना सहितका व्यानर पुन: वन कर्मचारीहरु चेकजाँच गर्न जाँदा हटाइएको पाइयो र सो सम्बन्धमा आवश्यक सोधपुछ गर्दा उक्त क्षेत्रका स्थानीयहरुले हटाएको भनि जानकारी उक्त प्रा.लि.का सञ्चालकले जानकारी दिएको । तसर्थ आगामी दिनहरुमा सो क्षेत्रको पुर्ण सुरक्षा, संरक्षण र रेखदेख गर्न थप कार्यहरु गर्नुपर्ने देखिन्छ ।

### ४.३ अब गर्नुपर्ने कार्यहरु

उच्च अदालत विराटनगर, इलाम इजलासको च.नं. २२३४ मिति २०८१/०६/०९ गतेको पत्रबाट उक्त मुद्दामा उच्च अदालत विराटलगर इलाम इजलास, इलामबाट मिति २०८१/०४/२२ मा रिट खारेज हुने फैसला भएको र उक्त फैसलाको पूर्ण पाठ प्राप्त भए पछि सम्मानित उच्च अदालतबाट भएको फैसला डिभिजन वन कार्यालय इलामले कार्यान्वयन गर्न आवश्यक पहल गर्नुपर्ने ।

मिति २०८१/०४/३० गते डिभिजन वन कार्यालय, नापी कार्यालय, स्थानीय तह तथा सुरक्षा निकायको उपस्थितिमा उक्त प्रा.लिले ओगटेको २१८ रोपनी जग्गा मध्ये रेखाङ्कन सिमाङ्कन गरीएको उक्त प्रा.लि.को नाममा दर्ता रहेको ४१ रोपनी जग्गा बाहेकका वनक्षेत्रका जग्गाहरुलाई चारै तिर घेरवार गर्नुपर्ने देखिन्छ । साथै आवश्यक भएमा उक्त पार्क क्षेत्रमा प्रवेश गर्ने चेप्टी खोला माथि हालेको सानो पुलको केही भाग हटाउनुपर्ने देखिन्छ । उक्त मुद्दा सम्बन्धी फैसलाको पूर्ण पाठ तयार भए पश्चात वनक्षेत्रको जग्गाको संरक्षण, रेखदेख तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना बनाइ अगाडी बढनुपर्ने देखिन्छ ।

उक्त पार्कसँग जोडिएको अतिक्रमित १७७ रोपनी जग्गा साविकको अवस्थामा फिर्ता ल्याई वन क्षेत्र कायम गरिएकोले सो वन क्षेत्रको संरक्षण, रेखदेख लगायतका व्यवस्थापनको कार्य सरस्वती सामुदायिक वन उपभोक्ता समुह, माई न.पा. २ इलामले आवश्यक कार्ययोजना बनाइ कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

उक्त वन क्षेत्रको संरक्षण, सुरक्षा तथा रेखदेखको लागि माई नगरपालिकासँग आवश्यक समन्वय र सहकार्य गर्ने साथै स्थानीय पालिकालाई व्यवस्थापनको लागि जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

## ५. उपसंहार

ह्याप्पी ड्रिम्स चेप्टी प्रा.लि. कम्पनी मार्फत सञ्चालित फनपार्कका सञ्चालक दिनेश शिवाकोटीले अतिक्रमण गरेको सार्वजनिक पर्ति जग्गा १३२ रोपनी र सामुदायिक वन क्षेत्रको जग्गा ४५ रोपनी समेत गरी कुल जम्मा १७७ रोपनी जग्गालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको पत्रानुसार वनक्षेत्र कायम गर्न डिभिजन वन कार्यालय, इलामले आफ्नो मातहतका कर्मचारीहरुलाई अधिकत्तम परिचालन गरी जिल्ला प्रशासन कार्यालय, इलाम, नापी कार्यालय, इलाम, सम्बन्धित स्थानीय तह, जिल्ला स्थित सुरक्षा निकाय लगायतका निकायहरु संग निरन्तर समन्वय र सहकार्य गर्दै समन्वय वैठकहरु तथा स्थलगतरुपमा समेत सामान्य बल प्रयोग गर्दा पनि अतिक्रमित जग्गा पूर्णरुपले नियन्त्रणमा लिन नसकेको अवस्थामा निज सञ्चालकले अतिक्रमण गरेको जग्गाहरु छुटयाउन सहयोग गर्ने र अतिक्रमण गरेको जग्गाहरुमा निर्मित संरचनाहरुमाथिको दावी छोडने प्रतिबद्धता जाहेर गर्दै मञ्जुरीनामामा हस्ताक्षर गरेको देखिन्छ । निज सञ्चालकको नाममा दर्ता कायम रहेको ४१ रोपनी जग्गा नापी कार्यालय, इलामले रेखाङ्कन गरी छुट्याएको र उक्त जग्गा बाहेकका अतिक्रमित जग्गाहरुको सम्बन्धमा उच्च अदालत विराटलगर इलाम इजलास, इलामबाट

मिति २०८१/०४/२२ मा रिट खारेज हुने फैसला भएको र उक्त फैसलाको पूर्ण पाठ प्राप्त भए पछि सो को कार्यान्वयनको लागि डिभिजन वन कार्यालय इलामले सम्बद्द निकायहरुसँग समन्वय गर्ने र सम्बद्द निकायहरुको समन्वय र सहकार्यमा उक्त वन क्षेत्रको संरक्षण, रेखदेख लगायतका व्यवस्थापनका कार्यहरु गर्नुपर्ने देखिन्छ ।

**दान बहादुर श्रेष्ठ**
डिभिजनल वन अधिकृत
डिभिजन वन कार्यालय, इलाम

**इति सम्बत २०८१ साल कार्तिक महिना २९ गते रोज ५ मा शुभम् ।**